**आकाशवाणी समाचार- नेपाली**

मितिः २ जनवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले पद्म पुरस्कार विजेता तथा प्रख्यात वनस्पतिविद् डा केएस मणिलालको निधनमा शोक व्यक्त गर्नु भएको छ।

**२.** केन्द्रीय गृहमन्त्री अमित शाह आज नयाँ दिल्लीमा हुने पुस्तक विमोचन कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुनु हुनेछ।

**३.** विदेश मन्त्री डा. एस जयशंकरले कतारका प्रधानमन्त्री तथा विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानीलाई भेटेर द्विपक्षीय सहयोगको अर्थपूर्ण समीक्षा गर्नुभयो।

**४.** कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले नरेन्द्र मोदी सरकारले नयाँ वर्ष किसानलाई समर्पण गरेको बताउनु भएको छ।

**५.** इरानका उपविदेशमन्त्री माजिद तख्त रावंची आजदेखि दुई दिने भारत भ्रमणमा रहनु हुनेछ।

**पीएम मोदी-डॉ केएस मणिलाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले पद्म पुरस्कार विजेता तथा प्रख्यात वनस्पतिविद् डा केएस मणिलालको निधनमा शोक व्यक्त गर्नु भएको छ। आफ्नो सन्देशमा, श्री मोदीले वनस्पति विज्ञानमा आफ्नो समृद्ध काम आगामी पुस्ताका वनस्पतिविद् र अनुसन्धानकर्ताहरूको लागि मार्गदर्शक बन्ने बताउनु भएको छ। मोदीले आफू केरलाको इतिहास र संस्कृतिसँग उत्तिकै संलग्न रहेको समेत उल्लेख गर्नु भयो। लामो समयदेखि बिरामी रहेका डाक्टर मणिलालको ८६ वर्षको उमेरमा केरलाको त्रिशूरमा निधन भएको हो ।

****** ० ******

**अमित शाह पुस्तक विमोचन**

केन्द्रीय गृहमन्त्री अमित शाह आज नयाँ दिल्लीमा हुने पुस्तक विमोचन कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुनु हुनेछ। सो अवसरमा केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको पनि उपस्थिति रहनेछ। कार्यक्रममा धेरै प्रतिष्ठित लेखक, शिक्षाविद्, मन्त्रालयका अधिकारीहरू र विशिष्ट अतिथिहरूको उपस्थिति हुनेछ। जम्मू-कश्मीर र लद्दाखको तीन हजार वर्षको इतिहास जम्मू-कश्मीर र लद्दाख: थ्रु द एजेज पुस्तक सात खण्डमा प्रस्तुत गरिएको छ। यो पुस्तक नेशनल बुक ट्रस्ट र इन्डियन काउन्सिल अफ हिस्टोरिकल रिसर्चको सहकार्यमा हिन्दी र अंग्रेजी दुवै भाषामा प्रकाशित भएको हो।

****** ० ******

**भारत संस्कृति - 2024**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सन् २०२४ मा भारतको सभ्यताको सम्पदा र सांस्कृतिक गौरवमा उल्लेखनीय वृद्धि भएको छ। अयोध्याको राम मन्दिरमा श्री रामललाको अभिषेक एक महत्त्वपूर्ण आध्यात्मिक र सांस्कृतिक अवसर थियो। प्रधानमन्त्री मोदीले अबुधाबीमा बोचा संवासी अक्षर पुरुषोत्तम स्वामी नारायण संस्थान मन्दिरको उद्घाटन गर्नु भारतको सांस्कृतिक सम्बन्धमा एउटा महत्त्वपूर्ण उपलब्धि थियो। हाम्रो संवाददाताले यो मन्दिर मध्यपूर्वको पहिलो परम्परागत हिन्दू शिला मंदिर हो र यसको निर्माण प्राचीन हिन्दू स्थापत्य सिद्धांतों- शिल्पशास्त्र अनुसार भएको हो।

****** ० ******

**सर्वानन्द सोनोवाल**

केन्द्रीय बन्दरगाह, जहाज र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले भन्नुभयो, पूर्वोत्तर भारत प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा अभूतपूर्व विकास र परिवर्तनको चरणबाट गुज्रिरहेको छ। एक सामाजिक मिडिया पोस्टमा, श्री सोनोवालले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा हासिल गरिएका उपलब्धिहरू, विशेष गरी समुद्री क्षेत्रमा, कोसेढुङ्गाको रूपमा वर्णन गर्नुभयो। उहाँले प्रधानमन्त्री मोदीको नेतृत्वमा सन् २०२४ भारतको सामुद्रिक महत्वाकांक्षाका लागि ऐतिहासिक वर्ष भएको बताउनु भयो । उहाँले देशको १३औँ र सबैभन्दा ठूलो बन्दरगाहको शिलान्यासदेखि नयाँ विश्व व्यापार मार्ग खोल्नेसम्म भारतलाई विश्वका शीर्ष १० सामुद्रिक देशहरूमा स्थापित गर्न महत्वपूर्ण कदम चालेको बताउनु भयो । केन्द्रीय मन्त्रीले नयाँ वर्षमा सामूहिक समर्पण गर्न आह्वान गर्दै राष्ट्र निर्माणमा लाग्न सबैलाई आग्रह पनि गर्नु भयो ।

****** ० ******

**जयशंकर-कतार**

विदेश मन्त्री डा. एस जयशंकरले कतारका प्रधानमन्त्री तथा विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानीलाई भेटेर द्विपक्षीय सहयोगको अर्थपूर्ण समीक्षा गर्नुभयो। दुवै पक्षले क्षेत्रीय र विश्वव्यापी विकासका बारेमा पनि छलफल गरेका थिए । तीन दिने भ्रमणमा सोमबार कतार पुगेका विदेशमन्त्रीको यो वर्षको पहिलो कूटनीतिक सहभागिता थियो । उहाँको भ्रमणले दुई पक्षबीच राजनीतिक, व्यापार, लगानी, ऊर्जा, सुरक्षा, सांस्कृतिक र जनताबीचको सम्बन्धका साथै पारस्परिक हितका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दालगायतका द्विपक्षीय सम्बन्धका विभिन्न पक्षहरूको समीक्षा गर्न मद्दत गर्नेछ । अमेरिकाको ६ दिने भ्रमणपछि उहाँ कतार पुग्नु भएको हो । विदेशमन्त्रीले अमेरिकामा जो बाइडेन प्रशासनका अधिकारीहरू र नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको टोलीका सदस्यहरूसँग भेट गर्नु भएको थियो।

****** ० ******

**गणतन्त्र दिवस टिकट**

गणतन्त्र दिवस परेड र बिटिंग रिट्रीट समारोहको टिकट बिक्री आजबाट सुरु भएको छ। सेना भवन, शास्त्री भवन, जन्तर मन्तर, प्रगति मैदान र राजीव चोक मेट्रो स्टेशनबाट सक्कली फोटो परिचयपत्र देखाएर टिकट खरिद गर्न सकिने रक्षा मन्त्रालयले जनाएको छ। टिकटहरू सीधै वेबसाइट आमंत्रण डॉट एमओडी डॉट जीओवी डॉट आईएन अनि आमंत्रण मोबाइल ऐपबाट पनि खरिद गर्न सकिन्छ। जनवरी २६ मा हुने गणतन्त्र दिवस परेडका लागि टिकटको मूल्य २० देखि १०० रुपैयाँ र बिटिङ रिट्रिटका लागि २० रुपैयाँसम्म रहनेछ।

****** ० ******

**शिवराज - किसान**

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले नरेन्द्र मोदी सरकारले नयाँ वर्ष किसानलाई समर्पण गरेको बताउनु भएको छ। नयाँ दिल्लीमा पत्रकारलाई सम्बोधन गर्दै श्री चौहानले सरकारले किसानको हितका लागि तीनवटा प्रमुख निर्णय गरेको बताउनु भयो। उहाँले भन्नुभयो, केन्द्रीय मन्त्रिपरिषद्ले प्रधानमन्त्री फसल बीमा योजना र पुनर्गठित मौसम आधारित बाली बीमा योजनालाई २०२५-२६ सम्म जारी राख्न र डीएपी मलमा थप अनुदानको विस्तारलाई अनुमोदन गरेको छ। श्री चौहानले भारतको कृषि र सम्बद्ध क्षेत्रको वृद्धि सन् २०२४-२५ मा ३.५ देखि ४ प्रतिशतले हुने अपेक्षा गरिएको बताउनु भयो । उहाँले सहकारिता मन्त्रालय र इन्डोनेसियाको वाणिज्य मन्त्रालयबीच गैर-बासमती चामलको व्यापारसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको बताउनु भयो । यसअन्तर्गत भारतले इन्डोनेसियामा १० लाख मेट्रिक टन गैर-बासमती चामल निर्यात गर्नेछ।

****** ० ******

**कोइला उत्पादन**

कोइला मन्त्रालयको रेकर्ड अनुसार सन् २०२४ को डिसेम्बरमा कोइला उत्पादन र ढुवानीमा उल्लेख्य वृद्धि भएको छ । डिसेम्बर महिनामा ९ करोड ७९ लाख ४० हजार टन कोइला उत्पादन भएको थियो जुन अघिल्लो वर्षको सोही अवधिमा ९ करोड २९ लाख ८० हजार टन थियो । यसरी कोइला उत्पादनको वृद्धिदर पाँच दशमलव तीन प्रतिशत थियो । कोइला कम्पनीहरु अन्तर्गत रहेका कोइला खानीमा एक करोड ८९ लाख ५० हजार टन कोइला उत्पादन भएको थियो । यसरी अघिल्लो वर्षको सोही अवधिमा १ करोड ४६ लाख २० हजार टन उत्पादन भएको तुलनामा २९ दशमलव ६१ प्रतिशतले वृद्धि भएको छ । सन् २०२४-२५ को

डिसेम्बरसम्म समग्र कोइला उत्पादनमा उल्लेखनीय वृद्धि भएको थियो। यस अवधिमा ७२ करोड ६२ लाख ९० हजार टन उत्पादन भएको छ । जबकि २०२३-२४ मा सोही अवधिमा ६८ करोड ४४ लाख ५० हजार टन उत्पादन भएको थियो । यसले मुलुकको बढ्दो ऊर्जा आवश्यकता पूरा गर्न मन्त्रालयले महत्वपूर्ण प्रयास गरेको देखाउँछ ।

****** ० ******

## GST-संकलन डिसेम्बर

गत वर्षको डिसेम्बर महिनामा कुल वस्तु तथा सेवा कर-जीएसटी सङ्कलन गत वर्षको सोही अवधिको तुलनामा ७.३ प्रतिशतले बढेर १ लाख ७३ करोड रुपैयाँभन्दा बढी पुगेको छ। डिसेम्बर २०२३ मा सकल जीएसटी राजस्व १ लाख ६४ हजार करोड रुपैयाँ थियो। गत वर्ष डिसेम्बरमा केन्द्रीय जीएसटी संकलन ३२ हजार ८ सय छत्तीस करोड रुपैयाँ र राज्यको जीएसटी संकलन ४० हजार चार सय ९९ करोड रुपैयाँ थियो। एकीकृत वस्तु तथा सेवा कर सङ्कलन ४७ हजार ७ सय ८३ करोड र उपकर ११ हजार ४ सय ७१ करोड रहेको छ । गत वर्ष नोभेम्बरमा सकल जीएसटी सङ्कलनमा साढे आठ प्रतिशतले वृद्धि भएको थियो र यो १ लाख ८२ हजार करोड रुपैयाँभन्दा बढी थियो।

****** ० ******

## इरानी उप विदेशमन्त्री

इरानका उपविदेशमन्त्री माजिद तख्त रावंची आजदेखि दुई दिने भारत भ्रमणमा रहनु हुनेछ । यस अवधिमा उहाँले आज र भोलि नयाँ दिल्लीमा इरान–भारत राजनीतिक परामर्शको १९ औं चरणमा भाग लिनु हुनेछ । भारत र इरानबीच लामो समयदेखिको ऐतिहासिक सम्बन्ध छ जसलाई सांस्कृतिक र आर्थिक सम्बन्धले बलियो बनाएको छ। 2003 मा, यी सम्बन्धहरु दुई देशहरु बीच एक महत्वपूर्ण साझेदारी सम्झौता द्वारा औपचारिक रूपमा भएको थियो। यो साझेदारी विशेष गरी ऊर्जा र व्यापार क्षेत्रहरूमा विकसित भएको छ र द्विपक्षीय व्यापार 2022-23 मा $ 17.5 बिलियन पुग्ने अपेक्षा गरिएको छ।

****** ० ******

## प्रधानमन्त्री दिलजीत दोसांझ

गायक तथा अभिनेता दिलजीत दोसाँझले हिजो नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्नु भएको छ। एक सोशल मिडिया पोस्टमा, श्री मोदीले भन्नुभयो, दिलजीत दोसांझ बहुमुखी छन् र प्रतिभा र परम्पराको मिश्रण हो। श्री दोसाँझले सन् २०२५ को शुरुवात निकै राम्रो भएको र प्रधानमन्त्रीसँग निकै अविस्मरणीय भेट भएको र संगीतलगायत धेरै विषयमा छलफल भएको बताउनु भएको छ । योग र यसका फाइदाका बारेमा पनि छलफल भएको थियो ।

****** ० ******

## फुटबल ISL

फुटबलमा, मोहन बागान सुपर जायन्ट्सले इन्डियन सुपर लिग २०२४-२५ मा भोलि विवेकानन्द युवा भारती क्रिरांगनमा हैदरावाद एफसीको सामना गर्नेछ। मोहन बागान सुपर जाइन्ट्स १३ खेलबाट २९ अंक जोडेर अंक तालिकाको शीर्ष स्थानमा छ भने हैदरावाद एफसी १३ खेलबाट मात्र ८ अंक जोडेर १२ औं स्थानमा छ। दुई टोलीबीचको यो १४औँ आईएसएल खेल हुनेछ । मोहन बागान पछिल्लो ५ खेलमा हैदरावाद एफसी विरुद्ध अपराजित रहेको छ र यी सबै खेलमा विपक्षीलाई गोल गर्ने मौका दिएको छैन ।

****** ० ******